# <u>अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा अनुदान सम्बन्धी मापदण्ड, २०७८</u>

उद्यमशीलताको माध्यमबाट अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन मद्दत पुग्दछ। अपाङ्गता भएका व्यक्तिलाई स्वावलम्बी र आत्मनिर्भर बनाउन उद्यमशीलताको महत्वलाई महशुस गरी विभिन्न उद्यममा विगतदेखि सङ्लग्न हुँदै आएका अपाङ्गता भएका उद्यमीहरूको व्यवसाय प्रवर्धनको लागि अनुदान प्रदान गर्न युवा तथा खेलकुद मन्त्रालय, गण्डकी प्रदेशले **अपाङ्गता भएका युवाहरूको लागि उद्यमशीलता विकासमा अनुदान सम्बन्धी मापदण्ड, २०७८ स्वीकृत गरेको छ ।**

१. **<u>प्रस्ताव आव्हानः</u>** (१) उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवालाई पहिचान गर्न मन्त्रालयको सुचना पाटी र वेभसाइटमा कम्तिमा २१ दिने सार्वजनिक सूचना प्रकाशित गरिनेछ।

(२) प्रस्ताव आव्हान सम्बन्धी सुचनाको लागि स्थानीय तहमा समेत पत्राचार गरिनेछ।

(३) मन्त्रालयले गरेको सुचनाका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाले अनुसुची १ बमोजिमको ढाँचामा सम्बन्धित स्थानीय तहको सिफारिस सहित मन्त्रालयमा निवेदन पेश गर्नुपर्नेछ।

२. **<u>पेश गर्नुपर्ने कागजातहरूः</u>** दफा (१) बमोजिम निवेदन पेश गर्दा देहायका कागजातसहित पेश गर्नु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ख) अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,
(ग) सम्बन्धित स्थानीय तहको सिफारिश ।

३. **<u>मूल्याङ्कनका आधारहरूः</u>** (१) दफा १ बमोजिम परेका निवेदनका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाको छनोट गर्ने मूल्याङ्कनका आधारहरु देहायबमोजिम हुनेछन्

(क) अपाङ्गता परिचयपत्रको वर्ग र किसिम
(ख) व्यवसाय सञ्चालनको अवधि
(ग) प्रयोग हुने कच्चा पदार्थ
(घ) उत्पादित वस्तु र वजारको अवस्था
(ङ) उद्यमशीलता प्रवर्द्धन योजना

(२) दफा १ बमोजिमका मूल्याङ्कनका आधारहरूको अङ्क विभाजन अनुसूची २ बमोजिम हुनेछ ।

४. **<u>मूल्याङ्कन तथा सिफारिस समितिः</u>** (१) दफा १ बमोजिमको निवेदनको आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवा छनोट गरी सिफारिस गर्न देहायबमोजिमको मूल्याङ्कन तथा सिफारिस समिति रहनेछः

| | |
|---|---|
| महाशाखा प्रमुख, मन्त्रालय | संयोजक |
| प्रतिनिधि, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय | सदस्य |
| कानून अधिकृत, मन्त्रालय | सदस्य |
| लेखा अधिकृत, मन्त्रालय | सदस्य |
| शाखा प्रमुख, मन्त्रालय | सदस्य सचिव |

(२) समितिले बैठकमा आवश्यकता अनुसार विज्ञ आमन्त्रित गर्न सक्नेछ।

(३) समितिले दफा ३ बमोजिमका आधारमा मूल्याङ्कन गरी छनोटका लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

(४) समितिले मूल्याङ्कन गर्दा भौगोलिक, पेशागत पक्षलाई समेत आधार मान्न सक्नेछ।

५. **<u>प्रस्ताव छनौटः</u>** मन्त्रालयले मूल्याङ्कन तथा सिफारिस समितिले गरेको सिफारिसका आधारमा उद्यमशीलतामा आवद्ध वा आवद्ध हुन चाहने अपाङ्गता भएका युवाको प्रस्ताव छनोट गर्नेछ।

६. **<u>अनुदान रकमः</u>** मूल्याङ्कन तथा सिफारिस समितिले अनुदान रकमको परिमाण निर्धारण गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नेछ।

७. **<u>सम्झौताः</u>** (१) दफा ४ बमोजिम छनोट भएका उद्यमीले छनोट भएको मितिले १५ दिनभित्र सम्झौता गर्न आउने सुचना प्रकाशित गर्नेछ।

(२) कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख भएबमोजिम हुनेछ।

८. **<u>भुक्तानी सम्बन्धी व्यवस्थाः</u>** (१) उद्यमीले सम्झौतामा उल्लेखित कार्यक्रम सम्पन्न गरी भुक्तानीका लागि देहायबमोजिमका कागजात मन्त्रालयमा पेश गर्नुपर्नेछः

(क) कार्यक्रम सञ्चालन भएको देखिने फोटोहरु

(ख) सम्बन्धित बिल, भरपाइ

(ग) भुक्तानीका लागि सम्बन्धित स्थानीय तहको सिफारिस

(२) मन्त्रालयले भुक्तानी गर्नु अघि सम्बन्धीत उद्यमशीलताको स्थलगत अनुगमन गर्न सक्नेछ।

(३) उपदफा(१) का आधारमा मन्त्रालयले अनुदान रकम भुक्तानी दिनेछ।

अनुसूची — १

दफा १ को उपदफा (२) सँग सम्बन्धित

**उद्यमशीलतामा आवद्ध अपाङ्गता भएका युवाले दिने निवेदनको ढाँचा**

१. निवेदकको नाम थरः ........................................... ............................................

२. अपाङ्गताको वर्ग\किसिम

३. पेशा व्यवसाय सञ्चालन भएको वा गर्न चाहेको स्थानः .................. ........................

४. निवेदकको सम्पर्क फोन नः ................................... इमेलः ................................

५. पेशा व्यवसाय सञ्चालन गरेको देखिने प्रमाण/फोटो

६. नगरिकता जारी भएको जिल्लाः .......................... नागरिकता नः ..........................

७. योग्यता र अनुभवः ......................... ...............................

८. व्यवसाय सम्बन्धी कुनै तालिम लिएको भए सो को विवरणः ................ .........................

.................... ...................... ...................... ................. ...................

९. व्यवसायबाट उत्पादित वस्तुको विवरण (क).......................(ख) .................. (ग) .............

१०. व्यवसायमा सुधार, प्रवर्द्धन र विस्तारका लागि गर्नुपर्ने मुख्य कार्यहरु

(क)...................... (ख) ....................... (ग) .........................

११. व्यवसायको व्यवस्थापन तथा सञ्चालनमा सुधार, प्रवर्द्धन र विस्तारका लागि लाग्ने अनुमानित खर्चः..................... ....................... ...................... .................. ..........

१२. निवेदनका साथ पेश गरेका कागजातहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ख) अपाङ्गताको परिचयपत्रको प्रतिलिपि,

(ग) सम्बन्धित स्थानीय तहको सिफारिश,

.......................

निवेदकको हस्ताक्षर

## अनुसूची २

## दफा ३ को उपदफा (२) बमोजिमको अङ्क विभाजनका आधारहरू

| सि.नं. | अपाङ्गता भएका व्यवसायी वा व्यवसायको नाम | मूल्याङ्कनका आधारहरू | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | अपाङ्गता परिचयपत्रको वर्ग र किसिम (१०) | व्यवसाय सञ्चालनको अवधि (१०) | प्रयोग हुने कच्चा पदार्थ (१५) | उत्पादित वस्तु र वजारको अवस्था (२०) | रोजगार प्रदान भएको संख्या (१५) | व्यवसाय प्रवर्द्धन योजना (३०) |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |

नोट

१. अपाङ्गता परिचयपत्रको वर्ग र किसिमः क,ख र ग वर्गको अपाङ्गता भएका व्यक्तिले क्रमशः १०, ८ र ५ अङ्क

२. व्यवसाय सञ्चालनको अवधिः प्रतिवर्ष २ अङ्कका दरले बढीमा १० अङ्क

३. प्रयोग हुने कच्चा पदार्थः स्थानीय, जिल्ला, प्रदेश भित्रको कच्चा पदार्थ प्रयोग गर्ने व्यवसायलाई क्रमश १५, १० र ५ अङ्क

४. उत्पादित वस्तुको वजारः गत आ.ब.मा प्रति लाख विक्रीको लागि १ अङ्क

५. रोजगार प्रदान भएको संख्याः प्रति व्यक्ति ३ अङ्कका दरले बढीमा १५ अङ्क

६. व्यवसाय प्रवर्द्धन योजनाः मूल्याङ्कन तथा सिफारिस समितिले निर्धारण गरेका आधार बमोजिम ।